# सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)




## सुदूरपश्चिम प्रदेश

## नेपाल राष्ट्र बैंक

### धनगढी कार्यालय

### २०८२ कार्तिक

# प्राक्कथन

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसैगरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालयहरु एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८१/८२ को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री झकेन्द्र बहादुर शाही र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकहरु श्री नरेन्द्र बहादुर चन्द, श्री भोजराज भट्ट र श्री हरिलाल भट्ट, प्रधान सहायक श्री सहदेव भट्टराईलाई धन्यवाद दिन चाहन्छु ।

केशब बहादुर के.सी.
निर्देशक
**नेपाल राष्ट्र बैंक**
**धनगढी कार्यालय**

# विषय-सूची

पेज नं.


**सारांश**

**परिच्छेद १: अध्ययन परिचय** १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** ३

२.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ४

२.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना ७

**परिच्छेद ३: कृषि क्षेत्र** ९

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ९

३.२ कृषि उत्पादन १०

३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन १२

३.४ सिँचाइ १३

३.५ क्षेत्रगत कृषि कर्जा १३

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु १४

**परिच्छेद ४: उद्योग क्षेत्र** १६

४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी १६

४.२ क्षेत्रगत औद्योगिक कर्जा १७

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १८

**परिच्छेद ५: सेवा क्षेत्र** २०

५.१ पर्यटन २०

५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट २१

५.३ वित्तीय सेवा २१

५.४ फण्ड ट्रान्सफर (तोडा चलान) २४

५.५ यातायात तथा सञ्चार २४

५.६ शिक्षा तथा स्वास्थ्य २५

५.७ सेवा क्षेत्र कर्जा २६

५.८ सहकारी २७

५.९ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति २८

५.१० स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति २९

५.११ सेवा क्षेत्रको चुनौती र सम्भावना ३०

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ३२

६.१ पूर्वाधार क्षेत्र ३२

६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति ३२

६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति ३४

६.४ रोजगारी ३५

६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३५

**परिच्छेद ७: आर्थिक परिदृष्य** ३७

७.१ कृषि क्षेत्र ३७
७.२ औद्योगिक क्षेत्र ३७
७.३ सेवा क्षेत्र ३७
७.४ पूर्वाधार क्षेत्र ३७

# तालिका सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| तालिका २.१: | प्रादेशिक कुल गार्हस्थ उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) (आ.व.२०८१/८२) | ४ |
| तालिका ३.१: | आर्थिक वर्ष २०८१/८२ मा कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| तालिका ३.२: | आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन | ११ |
| तालिका ३.३: | आर्थिक वर्ष २०८१/८२ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन | १३ |
| तालिका ४.१: | सुदूरपश्चिम प्रदेशमा दर्ता भएका उद्योग | १७ |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा प्रवाह | १८ |
| तालिका ५.१: | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | २२ |
| तालिका ५.२: | जिल्लागत निक्षेप तथा कर्जाको अवस्था | २३ |
| तालिका ५.३: | वार्षिक रुपमा दर्ता भएका यातायात साधनको संख्या | २४ |
| तालिका ५.४: | सञ्चार सुविधा | २५ |
| तालिका ५.५: | शैक्षिक तथ्याङ्क | २५ |
| तालिका ५.६: | स्वास्थ्य तथ्याङ्क | २५ |
| तालिका ५.७: | सेवा क्षेत्रमा भएको कर्जाको जिल्लागत हिस्सा | २७ |
| तालिका ५.८: | नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती | २८ |
| तालिका ५.९: | सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण | २९ |
| तालिका ५.१०: | स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था | २९ |
| तालिका ५.११: | आ.व.२०८१/८२ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था | ३० |
| तालिका ६.१: | प्रदेशबाट निमार्ण गरिएको सडकको अवस्था | ३२ |
| तलिका ६.२: | प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण | ३४ |
| तालिका ६.३: | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था | ३५ |

# चार्ट सूची

**शीर्षक** **पेज नं.**


| | | |
|---|---|---|
| चार्ट २.१ | बृहत आर्थिक क्षेत्र अनुसार योगदान | ३ |
| चार्ट २.२ | वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत हिस्सा | ४ |
| चार्ट २.३ | आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | ५ |
| चार्ट २.४ | प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | ६ |
| चार्ट २.५ | आ.व. २०८१/८२ मा प्रदेशस्तरीय बृहत आर्थिक क्षेत्रको योगदान | ६ |
| चार्ट २.६ | सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान | ७ |
| चार्ट ३.१ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल | ९ |
| चार्ट ३.२ | प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति | १० |
| चार्ट ३.३ | प्रमुख खाद्य तथा अन्य कृषि उत्पादनको जिल्लागत उत्पादन स्थिति | १२ |
| चार्ट ३.४ | सिंचाई क्षेत्रमा भएको विस्तार | १३ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १५ |
| चार्ट ४.१ | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १६ |
| चार्ट ४.२ | औद्योगिक कर्जा प्रवाह | १७ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | २१ |
| चार्ट ५.२ | निक्षेप तथा कर्जाको अवस्था | २२ |
| चार्ट ५.३ | निक्षेपकर्ता तथा ऋणीहरुको संख्या | २३ |
| चार्ट ५.४ | जिल्लागत फण्ड ट्रान्सफरको अवस्था | २४ |
| चार्ट ५.५ | सेवा क्षेत्र कर्जा प्रवाह | २७ |
| चार्ट ५.६ | कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था | २८ |

# सारांश

## समष्टिगत स्थितिः

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको संशोधित अनुमान छ ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. त्यसैगरी, आ.व.२०८१/८२ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्ब ३० अर्ब र आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.३२ प्रतिशत र आधारभूत मूल्यमा २.७१ प्रतिशत रहने अनुमान गरिएको छ भने आधारभूत मूल्यमा प्रदेशको प्राथमिक क्षेत्रको वृद्धिदर २.८ प्रतिशत, द्धितीय क्षेत्रको वृद्धिदर २ प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहने अनुमान गरेको छ ।

## कृषि

४. समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.१६ प्रतिशतले वृद्धी भएको छ भने यस्ता बालीको उत्पादन २.७७ प्रतिशतले बढेको छ ।

५. समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी तेलहन र आलुको उत्पादन क्रमशः १८.८९ प्रतिशत र १६.११ प्रतिशतले वृद्धि भएको छ भने फापरको उत्पादनमा सबैभन्दा बढी ७७.८८ प्रतिशतले ह्रास आएको छ ।

६. पशुजन्य उत्पादन अन्तर्गत माछा उत्पादन १०.३६ प्रतिशत, मासु ०.७९ प्रतिशत, उन उत्पादन ३.२७ र अण्डा १.७६ प्रतिशतले बढेको छ ।

७. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १०.१४ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ । २०८२ असारमसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा ३.४१ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ९६ करोड ४२ लाख पुगेको छ ।

## उद्योग

८. समीक्षा वर्षमा प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ३४.४७ प्रतिशत रहेको छ ।

९. समीक्षा वर्षमा समष्टिगत रुपमा मागमा आएको गिरावटले सम्पूर्ण औद्योगिक बस्तुहरुको उत्पादनमा ह्रास आएको देखिन्छ ।

१०. समीक्षा वर्षको अन्त्यसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १६.९७ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ भने उक्त क्षेत्रमा प्रवाह भएको कर्जा २०८१ असारमसान्तको तुलनामा ४.३७ प्रतिशतले वृद्धी भई रु.२६ अर्ब ७२ करोड ३ लाख पुगेको छ ।

## सेवा

११. समीक्षा अवधिमा नमूनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ३६.४० प्रतिशत रहेको छ ।

१२. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ३७.५० प्रतिशतले बढेको छ भने रजिष्ट्रेशन राजस्व ३७.६२ प्रतिशतले बृद्धि भएको छ ।

१३. २०८२ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा १६.३० प्रतिशतले बढेको छ भने कर्जा प्रवाह २.९८ प्रतिशतले वृद्धि भएको छ ।

१४. समीक्षा वर्षमा यातायात साधनको दर्ता संख्या अघिल्लो आर्थिक बर्षको तुलनामा ३५.०७ प्रतिशतले वृद्धि भएको छ ।

१५. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ७२.८८ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ ।

१६. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ बिनियोजन भएको बजेटमध्ये समीक्षा वर्षमा ७५.६६ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये ६६.४७ प्रतिशत खर्च भएको छ ।

## पूर्वाधार र रोजगारी

१७. २०८१ फागुनसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट कुल १६७ मेगावाट विद्युत उत्पादन भएको छ ।

१८. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशबाट जम्मा २८ हजार ९ सय ९१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ६८ रहेको छ ।

## प्रादेशिक वित्त स्थिति

१९. आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३१ अर्ब ६३ करोड बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ७०.२२ प्रतिशत २२ अर्ब २१ करोड खर्च भएको छ भने २०८२ असार मसान्तसम्म रु.१३ अर्ब ६३ करोड राजस्व संकलन भएको छ ।

## आर्थिक परिदृश्य

२०. आर्थिक वर्ष २०८१/८२ मा औसत मुद्रास्फीति दर वाञ्छित सीमाभित्र रहेको, कर्जा तथा निक्षेपको ब्याजदर घट्दो अवस्थामा रहेको, जलविद्युत उत्पादनमा उल्लेख्य वृद्धि भएको, बाह्य पर्यटकको आगमनमा वृद्धि सँगसँगै निर्यात र विप्रेषण आप्रवाहमा पनि वृद्धि भएको र विगत दुई वर्षदेखि संकुचनमा रहेको निर्माण र उत्पादनमूलक उद्योग क्षेत्र विस्तार हुँदै गएको हुँदा आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यसै क्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतिको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्य समेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। अर्ध-वार्षिक प्रतिवेदन आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म) को तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ भने वार्षिक प्रतिवेदन वार्षिक तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ। प्रतिवेदनमा जिल्लागत रुपमा कृषि, उद्योग, सेवा र निर्माण क्षेत्रको स्थिति, सम्भावना र चुनौति तथा परिदृश्य समावेश हुने गरेको छ।

प्रस्तुत सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी कुल ९ वटा जिल्लाहरुको २०८१ साउनदेखि २०८२ असार मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

१. सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ। साथै, यस अध्ययन प्रतिवेदनमा धनगढीमा व्यवसायिक फूलखेती र प्रदेशको पर्यटन स्थिति अध्ययन गरी संलग्न गरिएको छ।

२. नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ।

३. प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ। यसैगरी शिक्षा क्षेत्रको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाई, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट लिईएको छ भने स्वास्थ्य क्षेत्रको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट लिईएको छ। यसैगरी विद्युत पहुँचको तथ्याङ्क प्रादेशिक विद्युत प्राधिकरणबाट लिईएको छ। उल्लेखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ।

४. औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १२ वटा उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको बैक तथा वित्तिय संस्था नियमन विभाग र बैक सुपरिवेक्षण विभागको Supervisory information system (SIS) बाट लिइएको छ।

५. सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैर-स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजस्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क पूर्वाधार विकास कार्यालय र डिभिजन सडक कार्यालयहरुबाट लिइएको छ । यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ । साथै, यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ ।
६. पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

१. देश प्रादेशिक संरचनामा गईसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । यसका साथै, तथ्याङ्कमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ ।
२. सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका नमुना छनौटका रुपमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या विवरण) लाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ । साथै, सहकारीको हकमा समेत नमुना छनौटको रुपमा रहेका सहकारीहरुबाट उपलब्ध  सीमित तथ्याङ्कलाई नै आधिकारिकता मानी विश्लेषण गरिएको छ ।
३. औद्योगिक क्षेत्रको अध्ययन तथा विश्लेषणमा नमुना छनौटका रुपमा रहेका उद्योगहरुबाट उपलब्ध सीमित तथ्याङ्कलाई नै आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा


यो वार्षिक अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ । उक्त मार्गदर्शनले तोके बमोजिम यस प्रतिवेदनमा देहाय बमोजिमका ७ परिच्छेदहरु रहेका छन् ।

| | |
|---|---|
| परिच्छेद १ | अध्ययन परिचय |
| परिच्छेद २ | प्रदेशको तुलनात्मक स्थिति |
| परिच्छेद ३ | कृषि क्षेत्र |
| परिच्छेद ४ | उद्योग क्षेत्र |
| परिच्छेद ५ | सेवा क्षेत्र |
| परिच्छेद ६ | पूर्वाधार र रोजगारी |
| परिच्छेद ७ | आर्थिक परिदृश्य |

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा प्राय: स्थिर रहेको देखिन्छ।

चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत)





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन ( प्रचलित मुल्यमा ) रु. ४ खर्ब ३० अर्ब पुग्ने अनुमान गरिएको छ भने गत आ.व. मा करिब ४ खर्ब ७ अर्ब हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.२८ प्रतिशत हुने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा वृद्धि भई ३.३२ प्रतिशत कायम रहने अनुमान गरिएको छ। यस प्रदेशले चालु आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादनमा ७.०३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ।

बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३४.७२ प्रतिशत योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको र सबैभन्दा कम ०.१३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०८०/८१ मा पनि कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान अग्रस्थान (३३ प्रतिशत) र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (०.१३ प्रतिशत) मा हुने संशोधित अनुमान गरिएको थियो।

**चार्ट २.२ : वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.२ अन्तर प्रदेश तुलना

***तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)***
***(आ.व. २०८१/८२)***


| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | **सुदूरपश्चिम** | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | ५४८ | ८६९ | २५६ | ४३० | ६१०७ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९ | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५ | ५.१८ | ५.५१ | ४.७ | ४.७४ | ३.३२ | ४.६१ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १४०१ | ९३२ | २६०२ | १६१९ | १२०१ | १०८९ | ११५३ | १४९६ |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा (प्रतिशत) | ३४.४ | ३६.९ | १२.४ | २७.८ | ३१.५ | ३१.७ | ३५.० | २५.६ |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १५.७ | १०.५ | १०.५ | १६.४ | १३.४ | ९.४ | १२.३ | १२.४ |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.९ | ५२.६ | ७७.१ | ५५.८ | ५५.१ | ५८.९ | ५२.७ | ६२.० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,*

### *(क) कुल गार्हस्थ्य उत्पादन:*

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६१ खर्ब ७ अर्ब हुने अनुमान गरिएकोमा ३६.५२ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. २२ खर्ब ३० अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.१९ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. २ खर्ब ५६ अर्ब हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुऱ्याउने प्रदेशहरूमा क्रमशः कोशी (१५.९० प्रतिशत), लुम्बिनी (१४.२३ प्रतिशत), मधेस (१३.१६ प्रतिशत), गण्डकी (८.९८ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (७.०३ प्रतिशत) रहेका छन् ।

**चार्ट २.३ : आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### *(ख) आर्थिक वृद्धि:*

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक बृद्धिदर सबैभन्दा बढी ५.५१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको बृद्धिदर सबैभन्दा कम ३.३२ प्रतिशत रहने अनुमान गरिएको छ ।


संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको बृद्धिदर सबैभन्दा बढी ४.०९ प्रतिशत रहने र कर्णाली प्रदेशमा सबैभन्दा कम ३.२६ प्रतिशत रहने देखिएको छ । आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ३.२८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.३२ प्रतिशत रहने अनुमान गरिएको छ ।




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### *(ग) क्षेत्रगत योगदान:*

आर्थिक वर्ष २०८१/८२ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३६.८८ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १६.४६ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.०७ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

आर्थिक वर्ष २०८१/८२ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३४.९५ प्रतिशत, १२.३० प्रतिशत र ५२.७५ प्रतिशत रहने अनुमान छ ।

सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रको अघिल्ला दुई वर्षहरुमा प्राथमिक र द्वितीय क्षेत्रको योगदान घटेको देखिन्छ भने तृतीय क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ भने समीक्षा वर्षमा प्राथमिक क्षेत्रको योगदान बढ्ने र द्वितीय र तृतीय क्षेत्रको योगदान घट्ने देखिन्छ ।

**चार्ट २.६ : सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

- सुदूरपश्चिम प्रदेशको आर्थिक विकासमा उच्च सम्भावना बोकेका क्षेत्रहरुमध्ये जलविद्युत एक प्रमुख क्षेत्र हो । यस प्रदेशमा रहेका प्रमुख नदीहरु जस्तैः महाकाली, सेती, चमेलिया, बुढीगंगा, लगायतका नदीहरुबाट विद्युत उत्पादन र प्रदेशमा सिंचाईको विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। साथै, यस प्रदेशमा सौर्य र वायु ऊर्जा उत्पादनका आयोजनाको लागि पनि उत्तिकै सम्भावना रहेको छ।
- सुदूरपश्चिम प्रदेशमा कृषिको क्षेत्रमा प्रचूर सम्भावनाहरु रहेको छ। कृषि क्षेत्रको विकासका लागि प्रदेश सरकारले विभिन्न किसिमका कार्यक्रमहरु जस्तैः **एक स्थानीय तहः दुई उत्पादन** अभियान सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा कम्तिमा एक विशेष पकेट क्षेत्र विकास गर्न कृषि, पशुपन्छी र मत्स्यका १७६ वटा व्यवसायिक पकेट निर्माण गर्ने, प्रत्येक स्थानीय तहमा **"कम्तिमा खेतबारी नराखौं बाँझो अन्नबाली फलाऔ मिलाई चाजोपाजो"** र कृषिमा आत्मनिर्भर सुदूरपश्चिम जस्ता कार्यक्रमहरु, कृषि क्षेत्रको विकासको लागि अभियानको रुपमा सञ्चालन गरेको छ। प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको छ।
- २०७८ सालको जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा विश्वव्यापी मान्यताअनुसार सक्रिय जनसंख्या मानिने १५-६४ वर्ष उमेर समूहमा ६२.४० प्रतिशत जनसंख्या रहेकोले जनसांख्यिक लाभलाई उपयोग गरी कृषि सम्बन्धी ज्ञान, सीप र तालिमबाट युवा जनशक्तिलाई कृषि प्रणालीसंग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने सम्भावना रहेको छ।
- कृषि क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी युवाहरुलाई कृषिमा आवद्ध हुन प्रेरित गर्न कृषि/भेटेरीनरी शिक्षा उतिर्ण युवाहरुको उद्यमशिलता विकासका लागि युवा लक्षित तरकारी खेती, च्याउ उत्पादन, माछापालन र मौरीपालन लगायतका कार्यक्रम सञ्चालन गरेमा कृषिमा आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ।
- गुणस्तरीय मासु उत्पादनका लागि बाख्रा, ग्रामीण कुखुरा, कालिज, बंगुर, भैसीपालन कार्यक्रम तथा व्यवसायिक मत्स्यपालनका लागि कैलाली र कन्चनपुर जिल्लामा नयाँ पोखरी निर्माणका साथै प्राकृतिक जलाशयमा माछाको उत्पादकत्व वृद्धि गरी माछामा प्रदेशलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ।

- प्रदेश गौरवका आयोजनाहरु जस्तै सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाँझ-श्रीभावर सडक आदीको निर्माण तथा स्तरोन्नती कार्य तीव्र गतिमा अघि बढेमा आर्थिक गतिविधि थप विस्तार हुने सम्भावना रहेको छ ।
- यस प्रदेशमा विभिन्न जातका खाद्यान्न बाली, तरकारी, फलफुल तथा घाँसको रैथाने र वर्णशंकर विउ उत्पादन गरी सुदूरपश्चिम प्रदेशलाई बीउबिजनको हबको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- प्रदेशस्थित राष्ट्रिय गौरवका आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना, लम्की मुल नहरको शाखा तथा प्रशाखा नहरबाट जमिनमा सिँचाई सुविधा विस्तार, कन्चनपुर जिल्लाको ब्रम्ह्देव क्षेत्रको जमिनमा सिँचाइ सुविधा विस्तार तथा महाकाली सिँचाइ आयोजना निर्माण कार्य तीव्र गतिमा अघि बढे कृषि उत्पादकत्वमा वृद्धि हुने देखिन्छ ।
- सुदूरपश्चिम प्रदेशका तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत् उत्पादन प्रक्रियाको यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिवुटी प्रशोधन उद्योगहरु सञ्चालन गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुर्‍याउन सकिने देखिन्छ ।
- सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको अपार सम्भावना रहेको छ । डोटीको खप्तड, बाजुराको बडीमालिका, दार्चुलाको मालिकार्जुन शिखर, बैतडीको सिगासधाम, अछामको रामारोसन लगायतका धार्मिक पर्यटकीय स्थानहरुमा केवलकार स्थापना गर्न सकेमा पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ । साथै, बर्दगोरियाधाम क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण, ब्रम्हदेव बहुसाँस्कृतिक संग्राहलय र राजकाँडा डुडेझाडी प्याराग्लाइडिङ्ग लगायतका आवश्यक पर्यटकीय पूर्वाधारको विकास र प्रचार प्रसार गर्न सकिएमा पर्यटन क्षेत्रबाट प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

## २.३.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

- प्रदेश अर्थतन्त्रमा शिथिलता, पछिल्लो समय राजनैतिक अस्थिरता लगायतका कारणले दीगो आर्थिक वृद्धिदर हासिल गर्न ।
- गरिबीको रेखामुनि रहेको जनसंख्या सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा रहेकाले गरिबीसँगै प्रदेशमा भौगोलिक विकटता, न्यून साक्षरता र न्यून भौतिक पूर्वाधारको विकास गर्न ।
- हिमाली र पहाडी जिल्लाहरुबाट तीव्ररुपमा तराईका जिल्लाहरुमा बसाईसराईका कारण खेतीयोग्य जमीन बाँझो हुदै जानु र तराईका जिल्लाहरुको खेतीयोग्य जमिन बसोबासका कारण खण्डित हुदै जानु ।
- सक्रिय उमेर समुहको बाहुल्यता रहेको यस प्रदेशबाट रोजगारीका लागि भारत जाने श्रमिकहरुलाइ प्रदेशमै रोजगारीका अवसरहरु सृजना गरी व्याप्त रहेको गरिबी न्यूनिकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- प्रदेशमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । प्रदेशका विभिन्न क्षेत्रहरु विशेषत: पहाडी तथा हिमाली जिल्लाहरुमा सिँचाइको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था रहेको छ ।
- भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप र कृषि बालीमा लाग्ने विभिन्न किसिमका प्रकोपहरुलाई नियन्त्रण गर्न ।
- यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको अध्ययन अनुसन्धान, उत्खनन र प्रशोधन गरी औद्योगिक र उद्यमशीलता विकासको गति बढाई अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा पहाड र तराई बीचको अन्तरआवद्धता भौगोलिक विकटता, स्रोत साधनको अभाव लगायतका कारणले व्यापार, स्वास्थ्य शिक्षाको विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा उक्त क्षेत्रको करिब ३४.७२ प्रतिशत योगदान दिने अनुमान गरिएको यस क्षेत्रले उल्लेखनीय रोजगारी सिर्जना गर्ने गरेको छ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफल २.१६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ७.७१ प्रतिशतले ह्रास भएको थियो। प्रदेश सरकारबाट राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम सञ्चालन, मलखादको समयमै उपलब्धता, सिंचाईको सुविधा विस्तार, वर्णशंकर जातको मकैको बीउ प्रयोगमा वृद्धि, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा आकर्षण लगायतका कारणले समीक्षा वर्षमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफलमा सामान्य वृद्धि आएको देखिन्छ।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.३० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ८.९१ प्रतिशतले ह्रास आएको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल २.४८ प्रतिशतले र गहुँ बालीले ढाकेको क्षेत्रफल ४.२३ प्रतिशतले ह्रास आएको छ। मकै, कोदो, जौँ, फापर, आलु, उखु, भटमास, दलहन र तेलहनको क्षेत्रफल क्रमश: ३.९८ प्रतिशत, ८.३६ प्रतिशत, २२.०४ प्रतिशत, ७४.१३ प्रतिशत, १.२८ प्रतिशत, ०.८० प्रतिशत, २.०२ प्रतिशत, ३१.५८ प्रतिशत र २६.२६ प्रतिशतले वृद्धि भएको छ।

**३.१.२ तरकारी तथा बागवानी :** समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ९.५८ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ४.९६ प्रतिशतले ह्रास भएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला वालीले ढाकेको क्षेत्रफल ८.५२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ३.३१ प्रतिशतले वृद्धि भएको थियो।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश।*

**जिल्लागत स्थिति :** आर्थिक वर्ष २०८१/८२ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३२.४५ प्रतिशत रहेको छ भने दार्चुला जिल्लाको सबैभन्दा कम ४.६२ प्रतिशत रहेको छ। समीक्षा वर्षमा

तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.९० प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.१७ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३६.३२ प्रतिशत र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम ३.०८ प्रतिशत रहेको छ।

**तालिका ३.१ : आर्थिक वर्ष २०८१/८२ मा कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**


| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | १९७८८.४८ | १,०७५.९५ | १,६५२.०० | ४.६२ | ४.२० | ७.५८ |
| बैतडी | ३१,६४७.०० | १,५२७.०० | ६७१.५० | ७.३९ | ५.९६ | ३.०८ |
| डडेल्धुरा | २०,९८१.०० | २,१७२.०० | २,००५.०० | ४.९० | ८.४७ | ९.२० |
| कञ्चनपुर | १,००,६९५.०० | ५,३९६.०० | १,५९७.०० | २३.५३ | २१.०५ | ७.३३ |
| बझाङ | २९,९२२.०० | ७५०.०० | १,४४०.०० | ६.९९ | २.९३ | ६.६१ |
| बाजुरा | १९,८३८.५० | ५५५.०० | २,०९५.०० | ४.६३ | २.१७ | ९.६२ |
| डोटी | ३४,७९७.०० | २,३८३.०० | ३,१२२.०० | ८.१३ | ९.३० | १४.३३ |
| अछाम | ३१४६४.८२ | १,०३४.३० | १,२८९.०० | ७.३५ | ४.०३ | ५.९२ |
| कैलाली | १,३८,८८७.०० | १०,७४०.०० | ७,९११.०० | ३२.४५ | ४१.९० | ३६.३२ |
| **जम्मा** | ४,२८,०२०.८ | २५,६३३.२५ | २१,७८२.५० | १००.०० | १००.०० | १००.०० |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन २.७६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष समग्र कृषि बालीको उत्पादनमा ३.६४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा प्रदेशको कुल सिँचित क्षेत्रफलमा भएको वृद्धि, कृषिमा यान्त्रिकीकरण तथा आधुनिकीकरण बढ्दै गएको, उन्नत जातको बीउ बिजनको प्रयोग बढ्दै गएको, उपयुक्त मौसम तथा पर्याप्त वर्षाका कारण कृषि उत्पादनमा सामान्य वृद्धि भएको देखिन्छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश ।*

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन २.७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी तेलहन र आलुको उत्पादन क्रमश: १८.८९ प्रतिशत र १६.११ प्रतिशतले वृद्धि भएको छ भने फापरको उत्पादनमा भने सबै भन्दा बढी ७७.८८ प्रतिशतले ह्रास आएको छ।

जिल्लागत आधारमा कैलाली, कञ्चनपुर, र दार्चुला जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु अछाम, बाजुरा, बझाङ, डोटी, डडेल्धुरा र बैतडीमा उत्पादनमा ह्रास आएको छ। यस्ता बालीको उत्पादन सबैभन्दा बढी कैलाली जिल्लामा ८.६० प्रतिशतले वृद्धि भएको छ भने अछाम जिल्लामा १५.६५ प्रतिशतले ह्रास आएको छ।

**३.२.२. तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन ३.२० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तरकारी उत्पादन ०.९८ प्रतिशतले ह्रास भएको थियो। जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी अछाम जिल्लामा ५३.५० प्रतिशतले वृद्धि भएको छ भने बाजुरा जिल्लामा २९.८५ प्रतिशतले ह्रास आएको देखिन्छ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन २.२१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफुल तथा मसला बालीको उत्पादन १.९७ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन दार्चुला जिल्लामा सबैभन्दा बढी १५७.५४ प्रतिशतले वृद्धि भएको छ भने डोटी जिल्लामा सबैभन्दा बढी २९.७४ प्रतिशतले ह्रास आएको देखिन्छ।

***तालिका ३.२ : आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (मेट्रिक टनमा)***


| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| दार्चुला | ५२,३२६.०० | १३,०७३.०० | १५,४६५.०० | २.८० | ३.९७ | ८.०२ |
| बैतडी | ७९,०३२.०० | १६,७६९.१७ | ६,९२४.०० | ४.२३ | ५.०९ | ३.५९ |
| डडेल्धुरा | ७९,८९५.०० | १९,२७०.०० | १३,११२.०० | ४.२८ | ५.८५ | ६.८० |
| कञ्चनपुर | ७,१३,२२९.५० | ८२,६७५.०० | २१,९४३.०० | ३८.१८ | २५.१२ | ११.३८ |
| बझाङ | ८५,५३०.०० | १०,१००.०० | १२,५१०.०० | ४.५८ | ३.०७ | ६.४९ |
| बाजुरा | ५३,७२०.०० | ४,१६०.०० | ८,०२६.०० | २.८८ | १.२६ | ४.१६ |
| डोटी | १,०९,२८९.०० | ३१,२७२.०० | २०,५६५.०० | ५.८५ | ९.५० | १०.६६ |
| अछाम | ६५,९७४.६९ | १६,२२९.९४ | २,७७७.७३ | ३.५३ | ४.९३ | १.४४ |
| कैलाली | ६,२९,०५५.०० | १,३५,६२४.०० | ९१,५७२.०० | ३३.६७ | ४१.२० | ४७.४७ |
| **जम्मा** | १८,६८,०५१.१९ | ३,२९,१७३.११ | १,९२,८९४.७३ | १००.०० | १००.०० | १००.०० |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.१८ प्रतिशत र दार्चुला जिल्लाको सबैभन्दा कम २.८० प्रतिशत रहेको छ। त्यसैगरी, तरकारी तथा वागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.२० प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.२६ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४७.४७ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.४४ प्रतिशत रहेको छ।

पछिल्ला तीन आर्थिक वर्षहरुमा कैलाली र कञ्चनपूर जिल्लामा प्रमुख कृषि बालीहरुको उत्पादन (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी, फलफुल तथा मसला, चिया, कफी र मह उत्पादन समेत) बढ्दै गएको देखिन्छ। समीक्षा अवधिमा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादनको विश्लेषण गर्दा कैलाली जिल्ला अग्रस्थानमा रहेको छ भने बाजुरा जिल्ला अन्तिममा रहेको छ।

चार्ट ३.३ : प्रमुख खाद्य बाली तथा अन्य कृषि उत्पादनको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)




*स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

## ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपन्छी उत्पादन** : आर्थिक वर्ष २०८१/८२ मा दूधउत्पादन १.६४ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा दूध उत्पादन ४.५८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा मासुजन्य उत्पादन ०.७९ प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन ९.३२ प्रतिशतले बढेको थियो। मासुजन्य उत्पादनतर्फ खसी/बोका/भेडाको मासु उत्पादन ४.७२ प्रतिशत र भैंसी/राँगोको मासु उत्पादन १.१७ प्रतिशतले बढेकोमा सुंगुर/बंगुरको मासु उत्पादन १४.०७ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन ११.४९ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा अण्डा उत्पादन १.७६ प्रतिशत, उन उत्पादन ३.२७ प्रतिशतले बढेको छ भने, छाला उत्पादन १.५३ प्रतिशतले घटेको छ। गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ६.०३ प्रतिशत, छाला उत्पादन ७.३१ प्रतिशत र उन उत्पादन २.२२ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा माछा उत्पादन १०.३६ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ४.९३ प्रतिशतले वृद्धि भएको थियो।

समीक्षा वर्षमा मुख्यमन्त्री बाख्रा पालन कार्यक्रम तथा अन्य बाख्रा प्रवर्द्धन कार्यक्रम संचालनमा रहेको, व्यवसायिक कुखुरापालन कार्यक्रम तथा व्यवसायमा युवाहरुको आकर्षण, प्रदेश तथा स्थानीय तहबाट माछा पालनको लागि अनुदान कार्यक्रम संचालनमा रहेकोले पशुजन्य उत्पादनमा बृद्धि भएता पनि पक्षीजन्य उत्पादनमा ह्रास भएको देखिन्छ।

समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ र दाउरा उत्पादन क्रमशः २३.३५ प्रतिशत र ८.२७ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, औषधीजन्य वस्तु तथा अन्य उत्पादन क्रमशः ६२.८३ प्रतिशत र ३८.१० प्रतिशतले कमी आएको छ। गत वर्ष सोही अवधिमा काठ, दाउरा, औषधीजन्य वस्तु तथा अन्य उत्पादन क्रमशः ६७.९७ प्रतिशत, ११०.६६ प्रतिशत १४१.५८ प्रतिशत र ८३.५० प्रतिशतले वृद्धि भएको थियो।

व्यवस्थित तरिकाले जटीबुटी तथा अन्य उत्पादनको संकलन नहुनु तथा खेती बिस्तार गर्न नसकिनुले औषधीजन्य बस्तु तथा अन्य उत्पादनमा ह्रास आएको देखिन्छ।

**जिल्लागत स्थिति:** समीक्षा वर्षमा दूध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३७.९० प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम ०.९८ प्रतिशत रहेको छ। मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४८.६० प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.४३ प्रतिशत रहेको छ। त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५४.३० प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.६१ प्रतिशत रहेको छ।


**तालिका ३.३ : आर्थिक वर्ष २०८१/८२ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दूध | मासु | अन्डा |
| दार्चुला | १७,५१६.०० | २,३३४.०० | ५५६.०० | ६.४४ | ४.७७ | ०.७१ |
| बैतडी | १७,५१७.७५ | ३,०३९.१० | ३,६८०.५० | ६.४४ | ६.२२ | ४.६२ |
| डडेल्धुरा | १५,७४४.७० | २,१३१.४० | ५४५.०० | ५.७९ | ४.३६ | ०.६८ |
| कञ्चनपुर | ७३,३६९.०० | ८,१६४.०० | २१,५६९.०० | २७ | १६.७० | २७.१ |
| बझाङ | २,५८१.०० | १,८४२.०० | १,७१३.०० | ०.९८ | ३.७७ | २.१५ |
| बाजुरा | १०,७८०.०० | १,६७६.०० | ४८४.०० | ३.९६ | ३.४३ | ०.६१ |
| डोटी | १८,७८९.७८ | ३,२७५.७८ | ४,३११.३२ | ६.९१ | ६.७० | ५.४१ |
| अछाम | १२,६३१.०० | २,६५९.७० | ३,५७१.०० | ४.६४ | ५.४४ | ४.४८ |
| कैलाली | १,०३,०५०.०० | २३,७६१.०० | ४३,२९६.०० | ३७.९० | ४८.६ | ५४.३० |
| जम्मा | २,७१,९७९.२३ | ४८,८८२.९८ | ७९,७३५.८२ | १००.०० | १००.०० | १००.०० |

*स्रोतः भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ।*

## ३.४ सिँचाइ

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ०.९६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ४.१४ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ४१.९८ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये २९.०१ प्रतिशत कुलो र ६८.३७ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट २.१६ प्रतिशत तथा बोरिङ्ग बाट ०.४६ प्रतिशत सिँचाइ भएको देखिन्छ ।





*स्रोतः जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा ३.४१ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ९६ करोड ४२ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १.३१ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवामा १९.०३ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.०६ प्रतिशत चिया/कफी शीर्षकमा प्रवाह भएको छ ।

चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.१४ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६८.६२ प्रतिशत, कञ्चनपुरको १९.१३ प्रतिशत, डडेल्धुरा, दार्चुला, बभ्काङ, बैतडी, डोटी, अछाम तथा बाजुराको अंश क्रमशः ३.३८ प्रतिशत, १.७५ प्रतिशत, १.७४ प्रतिशत, १.५६ प्रतिशत, १.५२ प्रतिशत, १.३२ प्रतिशत र ०.९९ प्रतिशत रहेको छ ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरुः

१. सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न यस क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र विविधिकरण मार्फत agri-business linkage स्थापित गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. पहाडी तथा हिमाली जिल्लाहरुबाट भईरहेको बसाईसराईले तराईको खेतीयोग्य जमिनको खण्डिकरण तथा हिमाली र पहाडी जिल्लाहरुमा जग्गा बाँभ्को रहन गई समग्र कृषि उत्पादनमा ह्रास भईरहेको परिप्रेक्ष्यमा बसाईसराई नियन्त्रण गरी खेतीयोग्य जमिन खण्डिकरण तथा बाँभ्को राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।

३. विदेशबाट फर्किएका कामदार, युवा एवम् सक्रिय श्रमशक्तिहरुलाई कृषि तथा पशुपालन व्यवसायतर्फ आकर्षित गराई प्रदेशको विशेषतः पहाडी भेगमा बढ्दै गएको बाँभ्को जमिनलाई प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।

४. कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाई बीमा दाबी प्रक्रियालाई सहज बनाउनु ।

५. कृषि क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक ज्ञान तथा तालिम प्रदान गर्ने तथा युवाहरुमा कृषि उद्यमशिलता विकास गरी यस क्षेत्रप्रति आकर्षण बढाउनु ।

६. भारतबाट कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी स्थानीय कृषकहरूले सस्तोमा आफ्नो कृषि उत्पादन बेच्नु पर्ने समस्याको निराकरण गर्दै गुणस्तरीय बीउवीजन र मलखाद, सिँचाइ लगायत सेवाहरु दिगो एवं सर्वसुलभ रुपमा उपलब्ध गराउनु तथा कृषि उपजको वितरणमा विचौलियाको प्रभुत्व हटाउनु ।

**सम्भावनाहरुः**

१. प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को प्रभावकारी कार्यान्वयबाट कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास हुने सम्भावना रहेको छ ।
२. प्रदेशको समथर भुभाग कैलाली र कञ्चनपुर जिल्लामा कृषियोग्य जमिनको चक्लाबन्दी गरी धान, गहुँ र तेलहनको उत्पादन एवं उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ । साथै, डडेल्धुरा, बैतडी लगायतका पहाडी जिल्लाहरुमा मकै, तरकारी, अदुवा खेतीको सम्भावना रहेको छ ।
३. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा स्याउ, सुन्तला खेती तथा कैलाली र कञ्चनपुरमा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी तथा हिमाली जिल्लाहरुमा जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सकिने सम्भावना रहेको छ ।
४. मौरीपालन लागि सुहाउँदो हावापानी, कृषकहरुको आधुनिक मौरीपालनमा आकर्षण तथा महको बढ्दो मागको कारण उत्पादन बढ्ने सम्भावना रहेको छ ।
५. सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको विकासका लागि सञ्चालन गरिरहेको विभिन्न कार्यक्रम, कृषि अनुसन्धान र शिक्षा कार्यक्रमले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि गराउन मद्दत गर्न सक्दछ ।
६. प्रदेशमा कुल सिँचित क्षेत्रफलमा भएको वृद्धि र प्रदेशमा निर्माणाधिन रानी जमरा कुलरिया सिंचाइ आयोजना तथा महाकाली सिंचाइ आयोजनाले कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्न सक्दछ ।


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका नमुना छनौटमा रहेका १३ वटा उद्योगहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३४.४७ प्रतिशत छ । समीक्षा वर्षमा कंक्रीट, गहुँको पिठो, चामल उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ । त्यसैगरी, रोजिन, चिनी, साबुन उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग न्यून रहेको छ। रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको कठिनाई, उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको छ ।

पछिल्लो समयमा बजारमा देखिएको शिथिलताका कारण कर्जाको समष्टिगत मागमा कमी आई थप लगानी हुन नसकेकोले औद्योगिक क्षमता र उत्पादन दुवैमा कमी आएको देखिन्छ। अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ४ सय ७७ जना रहेका छन् ( ३४४ जना भारतीय नागरिक समेत)। रोजगारीमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ९.०१ प्रतिशत र ९०.९९ प्रतिशत रहेको छ ।




स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।

समीक्षा वर्षमा समष्टिगत रुपमा मागमा आएको गिरावटले सम्पूर्ण उद्योगहरुको उत्पादनमा ह्रास आएको देखिन्छ । यस अवधिमा गहुँको पीठो ६५.०९ प्रतिशतले, चिनी ६०.२२ प्रतिशतले, ईटा ४२.८६ प्रतिशतले, साबुन २३.८२ प्रतिशतले, चामल १५.२५ प्रतिशतले, रोजिन ६.८६ प्रतिशत, कंक्रिट ६.५९ र तोरीको तेल ४.३५ प्रतिशतले उत्पादनमा ह्रास आएको छ ।

सुदूरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षण २०८१/८२ का अनुसार आर्थिक वर्ष २०८१/८२ को चैत्रसम्ममा यस प्रदेशमा १ हजार ६ सय ३१ नयाँ उद्योग दर्ता भएका छन् । यसरी प्रदेशमा स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै उत्पादन बढाउन सके सुदूरपश्चिम प्रदेशको औद्योगिक विकासका साथै, रोजगारी सिर्जनामा समेत टेवा पुग्ने देखिन्छ ।

**तालिका ४.१ : सुदूरपश्चिम प्रदेशमा दर्ता भएका उद्योग (लगानी र पुँजी रु. करोडमा)**


| उद्योगको प्रकृति | जम्मा संख्या | कुल लगानी | स्थिर पुँजी | चालु पुँजी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| उत्पादनमूलक | २०८ | ६५.०५ | ४२.२२ | २२.८३ | ९८१ |
| कृषि तथा वनजन्य | ७६४ | १०२.८१ | ६२.९९ | ३९.७६ | २६६३ |
| पर्यटनमूलक | ५७ | ५.७८ | ३.२० | २.५७ | १७९ |
| सेवामूलक | ५८७ | ८७.३७ | ५४.६१ | ३२.७६ | १९०४ |
| पूर्वाधार | १३ | ३.५० | १.६९ | १.८१ | ४९ |
| सूचना तथा प्रविधि | २ | ०.१० | ०.०७ | ०.०३ | १ |
| **कुल जम्मा** | **१६३१** | **२६४.६१** | **१६४.७८** | **९९.७६** | **५७७७** |

*स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ४.३७ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ७२ करोड ३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.७९ प्रतिशतले कमी आएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १६.९७ प्रतिशत रहेको छ । समीक्षा वर्षसम्ममा कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ६७.५५ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योगमा सबैभन्दा बढी ३७.८३ प्रतिशतले ह्रास आएको छ ।

**चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४२.७१ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २६.०५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २०.२१ प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ८.९२ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा १.६३ प्रतिशत र खानीसम्बन्धी उद्योगमा ०.४८ प्रतिशत अंश रहेको छ ।

**तालिका ४.२ : जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | ११८.३८ | ०.४४ |
| बझाङ | १२२.३७ | ०.४६ |
| दार्चुला | १२७.३८ | ०.४८ |
| बैतडी | १५८.०८ | ०.५९ |
| डडेल्धुरा | ४१०.५८ | १.५४ |
| डोटी | २७६.२४ | १.०३ |
| अछाम | १६१.३६ | ०.६० |
| कैलाली | २१,१४२.६५ | ७९.१३ |
| कञ्चनपुर | ४,२०३.२७ | १५.७३ |
| **जम्मा** | **२६,७२०.३०** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७९.१३ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.४४ प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दार्चुला, तथा बझाङ को अंश क्रमशः १५.७३ प्रतिशत, १.५४ प्रतिशत, १.०३ प्रतिशत, ०.६० प्रतिशत, ०.५९ प्रतिशत, ०.४८ प्रतिशत, र ०.४६ प्रतिशत रहेको छ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

१. सुदूरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु।

२. सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्नु।

३. कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि चुनौतीको रुपमा रहेको।

४. स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गरी प्रदेशका दुर्गम क्षेत्रहरुमा लगानी वृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु।

५. सुदूरपश्चिम प्रदेशको भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, अवैध पैठारी जस्ता गतिविधिहरू नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्नु।

६. स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको पूर्ण उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्दै औद्योगिक उत्पादनको गुणस्तरमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु।

७. पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकरण र उद्यमशीलता विकास गर्नु।

८. पुँजी, प्रविधि र सीप सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई उद्यममा आकर्षित गर्नु।

**सम्भावनाहरुः**

१. सुदूरपश्चिम प्रदेशमा कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको सम्भावना रहेकोले यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी agribusiness linkage मार्फत प्रदेशको विकास गर्न सकिने सम्भावना देखिन्छ ।
२. प्रदेशमा स्थानीय उत्पादन र स्रोत साधनमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
३. कैलाली र कञ्चनपुर जिल्लामा कृषि उत्पादन लगायतका कच्चा पदार्थको उपलब्धता तथा उद्योगको लागि आवश्यक न्युनतम पूर्वाधारको विकास भईसकेको परिप्रेक्ष्यमा औद्योगिक बिकास गर्न सकिने सम्भावना रहेको ।
४. युवा उद्यमशीलता विकास तालिम मार्फत दक्ष औद्योगिक जनशक्ति उत्पादनका साथै प्रदेशमा रहेका युवाहरुलाई उद्यम व्यवसायतर्फ प्रेरित गरी उपलब्ध स्रोत साधनको सदुपयोग मार्फत यस प्रदेशमा औद्योगिक क्षेत्रको योगदान बढाउन सकिने ।
५. पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह क्षमता भएका नदीहरु एवम् प्रशस्त ताल तलैया र पोखरीहरु रहेको यस प्रदेशमा ऊर्जामुलक उद्योग अन्तर्गत जलविद्युतको अधिक सम्भाव्यता रहेको ।
६. पुँजी, प्रविधि र सीप सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाइ उद्यममा आकर्षित गर्न सकेमा औद्योगिक विकासको साथसाथै प्रदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

यस प्रदेशमा सञ्चालनमा रहेका पर्यटकस्तरीय होटलमध्ये नमुना छनौटमा रहेका १० वटा होटलहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ३६.४० प्रतिशत रहेको छ। समीक्षा अवधिमा यी होटलहरुमा भारतीय पर्यटकहरु १५,३४९ जना, चिनियाँ पर्यटक १६५ जना तथा तेस्रो मुलुकबाट आएका १,४११ जना गरी जम्मा १६,९२५ जना बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ। समीक्षा अवधिमा १७३ जना पुरुष तथा ६२ महिला गरी जम्मा २३५ जनाले यस्ता होटलहरुमा रोजगारी पाएको देखिन्छ। समीक्षा अवधिमा यस्ता होटलहरुमा भारत, चीन तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा क्रमशः २८ प्रतिशत, ७१ प्रतिशत र ६५ प्रतिशतले कमी आएको देखिन्छ।

**बक्स १: पर्यटकको रोजाईमा बुडर झरना**

डोटी जिल्लाको जोरायल गाँउपालिकाको बुडर क्षेत्रमा अवस्थित बुडर झरना पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको आकर्षण बन्दै गएको छ। भिमदत्त राजमार्गबाट करिब १० किलोमिटरको दुरीमा पर्ने यो झरना प्राकृतिक सुन्दरता र धार्मिक आस्थाको केन्द्रको रुपमा रहेको छ। करिब १०० मिटर उचाइबाट झर्ने, चारैतिर हरियाली जंगलले घेरिएको र शीतल मौसमले गर्दा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण गन्तव्यको रुपमा रहेको छ। यस झरनामा प्रत्येक दिन करिब ३-४ सय जना र शनिवार तथा सार्वजनिक बिदाका दिन हजारौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरु आउने गरेका छन्। त्यसको साथै नयाँ वर्ष, माघी, तीज लगायतका पर्वहरुमा धार्मिक आस्था राख्ने धार्मिक पर्यटकहरु समेत आउने गरेका छन्।






*फोटो साभार: Onlinekhabar.com*

झरनामा विशेष गरी कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, बैतडी लगायत बाँके, बर्दिया जिल्लाहरु तथा भारतबाट समेत पर्यटकहरु आउने गरेका छन्। यस झरनामा आउने कुल पर्यटकहरुमध्ये औषतमा १० प्रतिशत भारतीय पर्यटक आउने रहेका छन्। झरना क्षेत्रको सरसफाई गर्न वडा कार्यालयले २ जना कामदारहरुलाई रोजगारी समेत प्रदान गरेको छ। यसरी आउने पर्यटकहरुले गर्दा बुडर लगायतका अन्य आसपासका क्षेत्रमा रहेका यातायात तथा होटल व्यवसायीहरु लाभान्वित भएका छन्। त्यसका साथै, उक्त क्षेत्रका तरकारी, फलफुल लगायतका व्यापारीहरुको व्यापार समेत फस्टाएको छ। आगामी दिनमा पर्यटन सम्बन्धी आवश्यक पूर्वाधारहरुको विकास गर्दै थप प्रचारप्रसार गर्न सकेमा पर्यटन क्षेत्रको बिकासका साथै, अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने देखिन्छ।


*स्रोत: स्थलगत सर्वेक्षण र टेलिफोन अन्तर्वार्ता*

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा वर्षमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ३७.५० प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा सो संख्या ८.१३ प्रतिशतले घटेको थियो। यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ३७.६२ प्रतिशतले वृद्धि भई रु. १ अर्ब २३ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ३१.१४ प्रतिशतले वृद्धि भएको थियो।

समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ११.६१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या १८.९५ प्रतिशतले कमि आएको थियो। सुदूरपश्चिम प्रदेशमा बाजुरा, डडेल्धुरा र कैलाली जिल्लाहरु बाहेक अन्य जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्यामा कमी आएको छ।

समीक्षा वर्षमा कैलाली जिल्लामा सबैभन्दा बढी १ हजार ५ सय २१ वटा घर/भवन नक्सा पास भएका छन् भने बाजुरा, र बैतडी जिल्लामा घर/भवन नक्सा पास भएको छैन। आर्थिक वर्ष २०८१/८२ मा आर्थिक गतिविधिहरु सुस्त नै रहेको, पहाडी जिल्लाहरुमा घरनक्सा पास गर्ने प्रचलन कमै रहेको र केही जिल्लाहरुमा समीक्षा वर्षमा घरनक्सा पास नभए पनि समग्रमा नक्सा पास संख्यामा वृद्धि नै भएको देखिन्छ।




*स्रोतः मालपोत कार्यालयहरु।*

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३३३, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६४ गरी जम्मा ८५५ शाखा सञ्चालनमा छन्। यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६० तथा बाजुरा जिल्लामा सबैभन्दा कम २९ शाखा सञ्चालनमा रहेका छन्। गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६९ गरी जम्मा ८५६ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए।

**तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखाको जिल्लागत उपस्थिति (२०८२ असार मसान्त)**

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | ० | १५ | २९ |
| बझाङ | २१ | १ | ० | १९ | ४१ |
| दार्चुला | २१ | २ | ० | १२ | ३५ |
| बैतडी | २२ | २ | ० | २२ | ४६ |
| डडेल्धुरा | २४ | १ | ० | २८ | ५३ |
| डोटी | १९ | १ | ० | ३० | ५० |
| अछाम | १८ | ३ | ० | ३६ | ५७ |
| कैलाली | १३३ | ३० | ५ | १९२ | ३६० |
| कञ्चनपुर | ६२ | ११ | १ | ११० | १८४ |
| **जम्मा** | **३३३** | **५२** | **६** | **४६४** | **८५५** |


*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.१ निक्षेप तथा कर्जा

२०८२ असारमसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८१ असारमसान्तको तुलनामा १६.३० प्रतिशतले बढ्न गई रु. १ खर्ब ७३ अर्ब ८३ करोड ९ हजार पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो निक्षेप ११.३२ प्रतिशतले वृद्धि भएको थियो ।

२०८२ असारमसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८१ असारमसान्तको तुलनामा २.९८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५७ अर्ब ४० करोड ४ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.७५ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.२ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा)**




समीक्षा वर्षसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८.१३ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.५५ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा वर्षसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.७५ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९६ प्रतिशत प्रतिशत रहेको छ ।


### तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु. दश लाखमा)

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ४,४३०.५५ | १,५१४.८३ | २.५५ | ०.९६ |
| बझाङ | ६,०७७.१७ | २,०७०.४४ | ३.५० | १.३२ |
| दार्चुला | ७,३७६.१३ | २,२८८.२२ | ४.२४ | १.४५ |
| बैतडी | ८,५१७.३० | २,०५८.०७ | ४.९० | १.३१ |
| डडेल्धुरा | ९,५६३.६३ | ४,९८७.२९ | ५.५० | ३.१७ |
| डोटी | ७,५६५.२८ | २,९५०.१६ | ४.३५ | १.८७ |
| अछाम | ७,००४.४२ | २,८५३.९५ | ४.०३ | १.८१ |
| कैलाली | ८३,६६३.४५ | १०८,२१४.०२ | ४८.१३ | ६८.७५ |
| कञ्चनपुर | ३९,६३२.१५ | ३०,४६७.०८ | २२.८० | १९.३६ |
| **जम्मा** | **१७३,८३०.०९** | **१५७,४०४.०६** | **१००.००** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८२ असार मसान्तसम्म कुल निक्षेपकर्ताको संख्या २०८१ असार मसान्तको तुलनामा ८.३१ प्रतिशतले बढ्न गई ४१ लाख ६ हजार ७ सय ७९ पुगेको छ भने कुल ऋणीको संख्या गत आ.व.को तुलनामा १.५० प्रतिशतले बढ्न गई १ लाख ५ हजार ६ सय १० पुगेको देखिन्छ ।





*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८२ असार मसान्तसम्म विपन्न वर्ग कर्जा २०८१ असार मसान्तको तुलनामा ३०.१९ प्रतिशतले घट्न गई ८ अर्ब ६१ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा १.३९ प्रतिशतले घट्न गएको थियो । यसैगरी, २०८२ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०८१ असार मसान्तको तुलनामा ४४.४१ प्रतिशतले घट्न गई ३ अर्ब ७८ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा २९.६२ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा पुनरकर्जा ४ करोड १३ लाख प्रवाह भएको छ ।

## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशका नौं जिल्लामा रहेका नोटकोषहरु (आठ वटा राष्ट्रिय वाणिज्य बैंकमा रहेको तथा एउटा नेपाल बैंकमा रहेको) मा यस कार्यालयबाट कुल रकम रु. ८ अर्ब ५४ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु. १२ अर्ब ५ करोड फण्ड ट्रान्सफर भएको थियो ।




*स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय ।*

## ५.५ यातायात तथा सञ्चार

**(क) यातायात:** आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा कुल १४ हजार ७ सय २१ यातायातका साधन दर्ता भएका छन् जुन अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा ३५.०७ प्रतिशतले बढी रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा जम्मा १० हजार ९ सय ३१ मोटरसाईकल दर्ता भएका छन् भने अन्य सवारी साधन ३ हजार ७ सय ९० दर्ता भएका छन्। पछिल्लो समय डडेल्धुरा र डोटी जिल्लास्थित यातायात व्यवस्था कार्यालयहरुमा समेत यातायातका साधनको दर्ता सुरु भएको, दुई पाङ्ग्रे तथा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग लगायतका कारणले सवारी साधनको वृद्धिदर उच्च रहेको छ।

**तालिका ५.३ : वार्षिक रुपमा दर्ता भएका यातायात साधनको संख्या**

| विवरण | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ * | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| यातायातका साधनको संख्या | ११,८०० | १०,८९९ | १४,७२१ | -७.६४ | ३५.०७ |
| मोटरसाईकल | ९,४८१ | ७,७१८ | १०,९३१ | -१८.६० | ४१.६३ |
| अन्य | २,३१९ | ३,१८१ | ३,७९० | ३७.१७ | १९.१४ |

*स्रोत: आर्थिक सर्वेक्षण २०८१/८२, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश*
** यातायात व्यवस्था कार्यालयहरु ।*

**(ख) सञ्चार:** २०८२ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकम तथा एनसेलबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा ३.७० प्रतिशत वृद्धि भई ३४ लाख २५ हजार ८ सय ४२

पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा ३.६९ प्रतिशतले वृद्धि भई ३५ लाख ८४ हजार ५ सय ३ पुगेको छ ।

**तालिका ५.४ : सञ्चार सुविधा**

| वितरित टेलिफोन संख्या | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| स्थाई (फिक्स्ड) | ८,६४५ | १०,४९८ | २१.४३ |
| मोबाइल | ३४,२५,८४२ | ३५,५०,५२१ | ३.६४ |
| अन्य | २,१४८ | २,८४९ | ३२.६४ |
| **कुल जम्मा** | **३४,३६,६३५** | **३५,८४,५०३** | **३.७०** |
| | | | |
| **ईन्टरनेट सेवा** | **आ.व. २०८०/८१** | **आ.व. २०८१/८२** | **प्रतिशत परिवर्तन** |
| Fixed Broadband (Wired) | २८,२८४ | ३०,३१७ | ७.१९ |
| Fixed Broadband (Wireless) | २,८४३ | ३,६६५ | २८.९१ |
| Mobile Broadband | ३४,२५,८४२ | ३५,५०,५२१ | ३.६४ |
| **कुल जम्मा** | **३४,५६,९६९** | **३५,८४,५०३** | **३.६९** |

* नेपाल टेलिकमबाट वितरित जि.एस.एम मोबाईल सहित सम्पूर्ण टेलिफोन सेवा

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण क्षेत्रीय कार्यालय अत्तरिया, कैलाली र एनसेल प्रादेशिक कार्यालय, धनगढी कैलाली ।*

## ५.६ शिक्षा तथा स्वास्थ्य

**(क) शिक्षा :** आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा सरकारी, निजी एवं सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका आंगिक क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय तथा सो अन्तर्गतका आंगिक क्याम्पस गरी कुल ४,४४१ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन् । आर्थिक वर्ष २०८१/८२ मा सबै किसिमका अध्ययन संस्थाहरुमा गरी कुल ८ लाख ०३ हजार ८ सय ५४ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने उक्त संस्थाहरुमा कुल २४ हजार ८ सय ९१ जना शिक्षक/प्राध्यापकहरुले अध्यापन गराउँदै आएका छन् ।

**तालिका ५.५ : शैक्षिक तथ्याङ्क**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्यालय/क्याम्पस संख्या | ४,४५८ | ४,४१७ | ४,४४१ | -०.९२ | ०.५४ |
| विद्यार्थी संख्या | ९,६९,५१७ | ८,८४,५०१ | ८,०३,८५४ | -८.७७ | -१०.०३ |
| शिक्षक/प्राध्यापक संख्या | २२,६५१ | २१,८५५ | २४,८९१ | -३.४१ | १२.१९ |

*स्रोत: जिल्ला शिक्षा समन्वय ईकाइ, विश्वविद्यालयहरु ।*

**(ख) स्वास्थ्य सेवा:** आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा यस प्रदेशमा निजी/सामुदायिक/सरकारी गरी कुल ७६ वटा अस्पतालहरु सञ्चालनमा रहेका छन् । उक्त अस्पतालहरुमा कुल २ हजार ३५ शैंया रहेको र ५९२ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् ।

**तालिका ५.६ : स्वास्थ्य तथ्याङ्क**

| सरकारी/सामुदायिक/निजी अस्पताल | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| अस्पताल संख्या | ४८ | ५७ | ७६ | १८.७५ | २५ |
| चिकित्सक संख्या | २३७ | ३२९ | ५९२ | ३८.८२ | ४४.४३ |
| शैया संख्या | ९९८ | १४६३ | २०३५ | ४६.५९ | २८.११ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालयहरु ।*

**बक्स १: सुदूरपश्चिम प्रदेशको स्वास्थ्य क्षेत्रमा नयाँ आयाम**

कैलाली जिल्लाको गेटामा २०८० कार्तिक १ गतेदेखि एउटा भवनमा सामान्य सेवा सहित (ओ.पि.डि, प्रयोगशाला, एक्सरे, अल्ट्रासाउण्ड, ई.सि.जि. र अस्पताल फार्मेसी सेवा) सञ्चालन गरेको गेटा अस्पतालले २०८१ असार १ गतेदेखि थप ६ वटा भवनबाट Diagnostic service, OPD Service and Other Service गरी १९ वटा सेवाहरु प्रदान गरिरहेको छ। हाल ५० शैयामा सञ्चालित यस अस्पतालले साधारण तर्फ रु.२० र इमर्जेन्सी तर्फ रु.५० को टिकटबाट बिरामीहरुलाई सुलभ र सस्तो दरमा सेवा प्रदान गरिरहेको छ।



नेपाल सरकार मन्त्रिपरिषद बैठकले अस्पताल सञ्चालनका लागि आ.व.२०८०/८१ मा १४१ जना जनशक्तिको दरबन्दी स्वीकृत गरेकोमा हाल चिकित्सक ३३ जना र अन्य कर्मचारी ७३ गरी १०६ जना कार्यरत रहेका छन्। अस्पताल सञ्चालनमा रहेका विभिन्न महाशाखाहरुमा केही दक्ष विशेषज्ञ चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुको उपलब्धता रहेको छ। यस अस्पतालमा औषतमा दैनिक ६० जना बिरामीहरु सेवा लिन आउने गरेका छन्। २४ घण्टे आकस्मिक स्वास्थ्य सेवा, स्वास्थ्य प्रयोगशाला जस्ता सेवाहरु दिदै आम जनतालाई सेवा प्रवाहमा जनविश्वास कायम गर्न सफल भएको छ। हाल गेटा अस्पतालको रुपमा सञ्चालित रहेको भएता पनि नेपाल सरकारले राष्ट्रिय सभाबाट मिति २०८० माघ २९ गते शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धी विधेयक पारित गरिसकेको छ। उक्त विधेयक अनुसार विश्वविद्यालय पूर्ण रुपमा सञ्चालन गर्न सकेको खण्डमा सुदूरपश्चिम प्रदेशका बिरामीहरु उपचारका लागि काठमाडौं र भारतको विभिन्न स्थानसम्म जानुपर्ने बाध्यता हट्नुका साथै, यस प्रदेशमा रहेका सर्वसाधारणका छोराछोरीले समेत सस्तो र सुलभ तरिकाले चिकित्सा शिक्षा प्राप्त गर्न सक्नेछन्।


*स्रोत: स्थलगत सर्वेक्षण तथा अन्तर्वार्ता।*

## ५.७ सेवा क्षेत्र कर्जा

२०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ३.६२ प्रतिशतले बढेर रु. १ खर्ब १४ अर्ब ७१ करोड ९५ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २.४४ प्रतिशतले बढेको थियो। कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७२.८८ प्रतिशत रहेको छ। समीक्षा वर्षमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता सम्बन्धी व्यवसायमा ४१.४८ प्रतिशत, उपभोग्य कर्जामा ३३.१४ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ८.८९ प्रतिशत, शिक्षा क्षेत्रमा ४.३८ प्रतिशत, रियल स्टेटमा ३.३० प्रतिशत,

पर्यटनमा २.७८, अन्य सेवा व्यवसायमा १.८३ प्रतिशत, यातायात भण्डारण र संचारमा १.६४ प्रतिशत, वित्त, स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.५८ प्रतिशत र बीमा तथा अचल सम्पतिमा ०.९८ प्रतिशत अंश रहेको छ ।

**चार्ट ५.५ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८२ असारमसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.३५ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश २०.२३ प्रतिशत, डडेल्धुरा, अछाम, डोटी, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.५२ प्रतिशत, २.१६ प्रतिशत, २.१२ प्रतिशत, १.६४ प्रतिशत, १.४६ प्रतिशत, १.४४ प्रतिशत र १.०८ प्रतिशत रहेको छ ।

**तालिका ५.७ : सेवा क्षेत्रमा भएको कर्जाको जिल्लागत हिस्सा**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (हिस्सा प्रतिशतमा) |
|---|---|---|
| बाजुरा | १.२४ | १.०८ |
| बझाङ | १.६७ | १.४६ |
| दार्चुला | १.८८ | १.६४ |
| बैतडी | १.६५ | १.४४ |
| डडेल्धुरा | ४.०४ | ३.५२ |
| डोटी | २.४३ | २.१२ |
| अछाम | २.४८ | २.१६ |
| कैलाली | ७६.१२ | ६६.३५ |
| कञ्चनपुर | २३.२१ | २०.२३ |
| **जम्मा** | **११०.७२** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहकारी

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २,०६० सहकारीहरुमध्ये नमूनाको रुपमा यस प्रदेशका प्रत्येक जिल्लाहरुबाट एक/एक वटा र कैलाली जिल्लाको थप एक गरी कुल १० वटा सहकारीहरु नमूना छनोट गरी अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ५.८ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती**

| विवरण | आ.व.२०७९/८० (असार मसान्त) | आ.व.२०८०/८१ (असार मसान्त) | आ.व.२०८१/८२ (असार मसान्त) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ८९८.३० | ९७९.५७ | १०८७.९४ | ९.०५ | ११.०६ |
| कुल बचत (रु. दश लाखमा) | ४७९९.२७ | ५५९७.९९ | ६०११.७८ | १६.६४ | ७.३९ |
| कुल ऋण (रु. दश लाखमा) | ४३४६.०१ | ४७४७.४५ | ५०२७.६० | ९.२४ | ५.९० |
| सदस्य संख्या | ४६,३०० | ५०२९३ | ५६५२१ | ६.३३ | १२.३८ |
| कर्मचारी संख्या | १८२ | १७९ | १८७ | -१.६५ | ४.४७ |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*


समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुको कुल पुँजी गत वर्षको तुलनामा ११.०६ प्रतिशतले वृद्धि भई रु.१० अर्व ८७ करोड ९४ लाख पुगेको छ। गत वर्ष यस्तो पुँजी ९.०५ प्रतिशतले वृद्धि भई रु.९ अर्व ७९ करोड ५७ लाख पुगेको थियो । यसैगरी, कुल बचत गत वर्षको तुलनामा ७.३९ प्रतिशतले बढ्न गई रु.६० अर्व ११ करोड ७८ लाख पुगेको छ। गत वर्ष यस्तो बचत १६.६४ प्रतिशतले वृद्धी भई रु.५५ अर्व ९७ करोड ९९ लाख पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको तुलनामा ५.९० प्रतिशतले वृद्धि भई रु.५० अर्व २७ करोड ६० लाख पुगेको छ । गत वर्ष यस्तो ऋण ९.२४ प्रतिशतले वृद्धि भई ४७ अर्व ४७ करोड ४५ लाख पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या १२.३८ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या ४.४७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा सदस्य संख्या ६.३३ प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या १.६५ प्रतिशतले कमि आएको थियो ।

## ५.९ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार बजेट बिनियोजन गरेकोमा जम्मा २२ अर्ब २० करोड ९० लाख १६ हजार खर्च भएको छ जुन कुल विनियोजनको ७०.२२ प्रतिशत हो। आ.व. २०८०/८१ मा बिनियोजन भएको बजेटको ६३.२६ प्रतिशत खर्च भएको थियो ।

**चार्ट ५.६ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा)**




*स्रोत: आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार,*

आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.१२ अर्ब ८६ करोडमध्ये समीक्षा वर्षमा रु.९ अर्ब ७३ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ७५.६६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६६.५५ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.१८ अर्ब ७६ करोडमध्ये रु.१२ अर्ब ४७ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ६६.४७ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६२.०६ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०८१/८२ मा आन्तरिक राजस्व र राजस्व बाँडफाँड गरी कुल प्रदेश स्रोत रु.१४ अर्ब ९८ करोड अनुमान गरेकोमा कुल रु.१३ अर्ब ६३ करोड परिचालन गरेको छ जुन कुल प्रदेश स्रोत अनुमानको ९०.९८ प्रतिशत हो ।

आ.व.२०८१/८२ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१३ अर्ब ८२ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा वर्षमा कुल रु.१३ अर्ब ६३ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.८ अर्ब रहेको छ भने सशर्त अनुदानको रकम रु.१ अर्ब ६७ करोड रहेको छ ।

**तालिका ५.९ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथाथ | बजेट | यथाथ | २०८०/८१ | २०८१/८२ |
| कुल बजेट विनियोजन (अर्बमा) | २९.२६ | १८.५१ | ३१.६३ | २२.२१ | ६३.२६ | ७०.२२ |
| चालु खर्च (अर्बमा) | ११.९४ | ७.९५ | १२.८६ | ९.७३ | ६६.५५ | ७५.६६ |
| पूँजीगत खर्च (अर्बमा) | १७.०२ | १०.५६ | १८.७६ | १२.४७ | ६२.०६ | ६६.४७ |
| प्रदेश स्रोत जम्मा* (अर्बमा) | १४.८४ | १०.४६ | १४.९८ | १३.६३ | ७०.४८ | ९०.९८ |
| संघ अनुदान जम्मा (अर्बमा) | १४.४२ | ९.६५ | १३.८२ | १०.६९ | ६६.९१ | ७७.३५ |

**आन्तरिक राजस्व र राजस्व बाँडफाँट गरी जम्मा । स्रोत: आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार ।*

## ५.१० स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ । सुदूरपश्चिम प्रदेशको विनियोजित भएको बजेटको करीब ३०.७५ प्रतिशत हिस्सा छनौटमा परेका ५ वटा स्थानीय तहहरुमा बजेटको विनियोजन रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा छनौटमा परेका स्थानीय तहहरुमा कुल ६ अर्ब १५ करोड बजेट विनियोजन भएकोमा समीक्षा वर्षसम्ममा ४ अर्ब ८४ करोड खर्च भएको छ जुन कुल विनियोजित बजेटको ७८.७२ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षमा ८ अर्ब ०८ करोड विनियोजन भएको थियो भने ६ अर्ब ४३ करोड खर्च भएको थियो । जुन कुल विनियोजित बजेटको ७९.४२ प्रतिशत हुन आँउछ ।

**तालिका ५.१० : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०८०/८१ | | आ.व.२०८१/८२ | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८०/८१ | २०८१/८२ |
| धनगढी उपमहानगरपालिका | ३.९० | ३.२३ | २.१७ | १.६४ | ८२.८२ | ७५.५७ |
| गोदावरी नगरपालिका | १.२५ | ०.९९ | ०.६९ | ०.४५ | ७९.२० | ६५.२२ |
| लम्कीचुहा नगरपालिका | १.०७ | ०.५७ | १.११ | ०.९२ | ५३.२७ | ८२.८८ |
| भिमदत्त नगरपालिका | १.३४ | १.१९ | १.५६ | १.३४ | ८८.८० | ८५.९० |
| दोधारा चादनी नगरपालिका | ०.५१ | ०.४३ | ०.५७ | ०.५० | ८४.३१ | ८७.७२ |
| **जम्मा** | **८.९८** | **७.११** | **६.१६** | **४.८५** | **७९.१७** | **७८.७३** |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

समीक्षा वर्षमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदिको कार्यान्वयनको अवस्था हेर्दा धनगढी उप-महानगरपालिकाले भौतिक पूर्वाधार कृषि र पर्यटनमा विनियोजित बजेटको क्रमशः ६६.३२, ६६.३२, र ९९.८८ प्रतिशत खर्च गरेको छ भने उद्योग क्षेत्रमा विनियोजन गरेको बजेटको शत प्रतिशत खर्च भएको छ। त्यसैगरी भिमदत्त नगरपालिकाले विनियोजित बजेटको ८०.२८, ७५.०६, ७७.३५ र ९६ प्रतिशत क्रमशः भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा खर्च गरेको छ। दोधारा चादनी नगरपालिकाले ८६.२८, ८५.७५, ८६.३१ र ८०.०७ प्रतिशत क्रमशः भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा विनियोजित बजेटको खर्च गरेको छ। लम्कीचुहा नगरपालिकाले भौतिक पूर्वाधारमा ७९.९९ र कृषि क्षेत्रमा ४१.३० र गोदावरी नगरपालिकाले भौतिक पुर्वाधारमा विनियोजित बजेटको ७१.५६ प्रतिशत खर्च गरेका छन् भने अन्य क्षेत्रमा विनियोजित गरेको बजेटको कार्यान्वयन अवस्थाको विवरण उपलब्ध गराएका छैनन् ।

समग्रमा हेर्दा भौतिक पूर्वाधार र कृषिमा सबैभन्दा बढी दोधारा चादनी नगरपालिकाले विनियोजित बजेटको क्रमशः ८६.२८ र ८५.७५ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम भौतिक पूर्वाधारमा धनगढी उप-महानगरपालिकाले ६६.३२ प्रतिशत र कृषिमा लम्कीचुहा नगरपालिकाले ४१.३० प्रतिशत खर्च गरेका छन् । उद्योग क्षेत्रमा धनगढी उप-महानगरपालिकाले विनियोजित बजेटको शतप्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम भिमदत्त नगरपालिकाले ७७.३५ प्रतिशत खर्च गरेको छ। त्यसैगरी पर्यटन क्षेत्रमा समेत धनगढी उप-महानगरपालिकाले विनियोजित बजेटको ९९.८८ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम दोधारा चादनी नगरपालिकाले ८०.०७ प्रतिशत खर्च गरेको देखिन्छ।

**तालिका ५.११ : आ.व.२०८१/८२ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | ६६.३२ | ६६.३२ | १०० | ९९.८८ |
| गोदावरी नगरपालिका | ७१.५६ | - | - | - |
| लम्कीचुहा नगरपालिका | ७९.९९ | ४१.३० | - | - |
| भिमदत्त नगरपालिका | ८०.७७ | ७५.०६ | ७७.३५ | ९६ |
| दोधारा चादनी नगरपालिका | ८६.२८ | ८५.७५ | ८६.३१ | ८०.०७ |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

## ५.११ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

१. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थलहरुको पहिचान तथा विकास गर्नु।

२. कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको प्रारुपमा सञ्चालन गर्ने स्वीकृति प्राप्ती भएसँगै आवश्यक जनशक्तीको व्यवस्थापन गरी तत्काल सेवा प्रवाह गर्न चुनौतीपूर्ण रहेको ।

३. सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु।

४. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि तथा खर्चमा अभिवृद्धि गर्नुका साथै, आन्तरिक रोजगार प्रर्वद्धन गर्नु।

५. बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु।

६. प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी लघु तथा घरेलु उद्योगको विकास गर्नुका साथै, स्वरोजगार अभिवृद्धि गर्नु।

### सम्भावनाहरुः

१. जनसंख्याको अनुपातमा कर्जा लगानी थोरै मात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
२. सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरी लगायतका धार्मिक क्षेत्रहरुलाई धार्मिक पर्यटन हवको रूपमा प्रवर्द्धन गर्न सके आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
३. प्रदेशका सबै स्थानीय तहहरुमा बैंक शाखाहरुको उपस्थिति संगै वित्तीय पहुँच बिस्तारले बैंकिंङ बानीको विकास हुन गई बचत तथा कर्जा प्रवाहमा वृद्धि भई आर्थिक गतिविधि थप चलायमान हुने ।
४. प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
५. कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको प्रारुपमा सञ्चालन पश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

२०८१ फागुनसम्ममा राष्ट्रियरुपमा विद्युतको पहुँच (वैकल्पिक ऊर्जा समेत) पुगेको जनसंख्या ९९ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्तो जनसंख्या ८६.६ प्रतिशत रहेको छ । त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन ३ हजार ६ सय २ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १६७ मेगावाट[1] विद्युत उत्पादन भएको छ । प्रदेशमा बुढीगंगा, पञ्चेश्वर, सेती र अपर चमेलिया जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन भएको छ । दार्चुला स्थित ६.९७ मेगावाट क्षमताको नौगाड जलविद्युत आयोजना र बैतडी जिल्लास्थित ७.७१ मेगावाट क्षमताको अपर सुर्नयागाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले कुल ६७९ किलोमिटर सडक निर्माण गरेकोमा आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्म यस प्रदेशमा जम्मा ३१८ किलोमिटर सडक निर्माण भएको छ । यसमा १२० कि.मि. कालोपत्रे पक्की सडक, ५७ कि.मि खण्डास्मित (ग्रावेल) सडक र १४२ कि.मि माटे सडक रहेको छ ।

**तालिका ६.१ : प्रदेशबाट निर्माण गरिएको सडक (कि.मि.) को अवस्था**

| सडकको प्रकार | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| कालोपत्रे सडक | १७० | ९० | १०८ | २४४ | १२० |
| खण्डास्मित (ग्रावेल सडक) | १६७ | ४७४ | १८६ | ३४५ | ५७ |
| माटे सडक | ५५७ | ० | १२३ | ९० | १४२ |
| जम्मा | ८९३ | ५६४ | ४१७ | ६७९ | ३१८ |

***चैत्र मसान्तसम्म**

*स्रोत: आर्थिक सर्भेक्षण २०८१/८२ आर्थिक मामिला मन्त्रालय, सुदुरपश्चिम प्रदेश ।*

## ६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) महाकाली सिँचाई आयोजना




कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो । यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ । सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ ।
यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा

[1] *आर्थिक सर्भेक्षण २०८१/८२ सुदुरपश्चिम प्रदेश*

सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ । वि.सं. २०८६/८७ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब रहेको छ । समीक्षा अवधिसम्म ३,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध भएको छ । हाल तेस्रो चरणको निर्माण कार्यहरु भईरहेको छ । हालसम्म ३३ किलोमिटर मूल नहर र १८ कि.मि.शाखा नहर निर्माण कार्य भएको छ । महाकाली सिँचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८२ असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति २६.६० प्रतिशत र वित्तीय प्रगति पनि २६.५३ प्रतिशत रहेको छ । आयोजनाद्वारा नहर तथा नहर संरचना निर्माणका लागि खरिद सम्झौता भएका ठेक्काहरुमा रोजगारीका अवसरहरु सिर्जना भएका छन् ।

### (ख) रानीजमरा कुलरिया सिँचाई आयोजना



सुदूरपश्चिम प्रदेशस्थित राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कुल लागत २७.७० अर्ब अनुमान गरी आर्थिक वर्ष २०६७/६८ बाट निर्माण कार्य सुरु भएको हो । यस परियोजनाको समग्र सिंचित क्षेत्र ३८,३०० हेक्टर रहने भए पनि हाल नेपाल सरकारबाट स्वीकृत गुरु योजना अनुसार २०,३०० हेक्टर २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा सो अवधी आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यस सिँचाइ आयोजनाको २०८२ असारमसान्तसम्मको भौतिक प्रगति ७४.७६ प्रतिशत र वित्तीय प्रगति ६९.५५ प्रतिशत रहेको छ ।

आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिब १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध हुनेछ भने यसबाट करिब २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने छन् । यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ लम्की बिस्तार सिँचाई शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा र दिर्घकालमा काद्रा नदीसम्मको थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार गर्ने लक्ष्य लिइएको छ । आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा २०८१ पुषमसान्तसम्म ११ हजार ७ सय ८९ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार भएको छ । नहरमा निर्मित हाइड्रोपावर परियोजनाबाट २०८० माघबाट बिजुली उत्पादन समेत सुरु भएको छ । उक्त आयोजनामा हाल ९८ जनाले रोजगारी पाएका छन् ।

### (ग) महाकाली पुल आयोजना



महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत रु.३ अर्ब ७७ करोड रहेको छ । त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्की RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदी नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुवै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ । यस आयोजनाको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८१ कात्तिक २२ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको ९५ प्रतिशत प्रगति भएको छ जसमा वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ । यस परियोजनाको सहायक

परियोजनाहरुमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा पुल निर्माण कार्य र स्थानीय सडक पुल निर्माण कार्य रहेका छन् ।

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सबै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेको छ। यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**तालिका ६.२: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क्र.सं. | जिल्ला | आयोजनाको नाम | २०८१ चैत्र मसान्तसम्मको अवस्था |
|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक) | जम्मा ६० कि.मि. सडकमध्ये हाल यो सडक खण्ड अन्तर्गत १९.५ कि.मि. कालोपत्रे ठेक्काका लागि ५० प्रतिशत भौतिक प्रगति भएको २५ कि.मि. upgrading को निर्माण कार्य अन्तिम अवस्थामा रहेको । |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा ९० कि.मि. सडकमध्ये ९२ प्रतिशत भौतिक प्रगति भएको र १७ कि.मि सडक कालोपत्रे भएको । |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा २०३ कि.मि मध्ये ७२ कि.मि. सडकमा ठेक्का सम्झौता भएको छ भने २३.५ कि.मि. सडकको कालोपत्रेको काम ९० प्रतिशत पुरा भएको । |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक | पोखरा-बेलापुर सडक खण्ड १० कि.मि., गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि. सलोन चिर्किट्टे सडक खण्ड ७ कि.मि. गरी जम्मा २५.५ कि.मि. सडक निर्माण कार्य सम्पन्न भएको छ। यी सडकहरुको भौतिक प्रगति क्रमशः ४५, ९० र ८५ प्रतिशत रहेको छ। |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | जम्मा ९३ कि.मि. सडक मध्ये ३२ कि.मि. निर्माणको ठेक्का सम्झौता भई हाल ६ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न । |
| ६. | बझाङ | दिपायल-साईपाल सडक | विस्तृत ईन्जिनीयरिङ्ग अध्ययन भएको २५ कि.मि. मध्ये ११ कि.मि. सडकको शब बेस निर्माण कार्य भईरहेको । |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | जम्मा १८० कि.मि मध्ये २८ कि.मि सडक कालोपत्रे सम्पन्न भएको २० किलोमिटर सडक ग्राभेलको भौतिक प्रगति ७५ प्रतिशत रहेको छ। |
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | ४३ कि.मि. मध्ये २१ कि.मि सडक खण्ड निर्माण सम्पन्न भई सकेको । |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | जम्मा ८० कि.मि. सडकमध्ये ३४.८ कि.मि.को DPR तयार भई ३.०२ कि.मि. सडक खण्ड निर्माण कार्य सम्पन्न भएको । |

*स्रोत: आर्थिक सर्भेक्षण २०८१/८२ आर्थिक मामिला मन्त्रालय, सुदुरपश्चिम प्रदेश ।*

विगत केही वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा गौरव आयोजनाहरुको प्रगति सन्तोषजनक रुपमा अघि बढेको देखिदैन । यद्यपि, प्रदेश गौरव आयोजनाहरु सुदूरपश्चिम प्रदेशको समग्र विकास जस्तै आर्थिक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य, पयर्टन प्रर्वद्धन, सामाजिक एकता र समृद्धि, कृषि र ग्रामीण विकास र रोजगारी सिर्जना आदिका लागि अत्यन्तै महत्वपूर्ण छन्। यी आयोजनाहरुले गति लिन सकेमा यस क्षेत्रको आर्थिक, सामाजिक, र सांस्कृतिक प्रगतिमा ठुलो योगदान हासिल गर्न सकिने सम्भावना रहेको छ ।

## ६.४ रोजगारी

### (क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशबाट २६ हजार ३ सय ७९ जना पुरुष तथा २ हजार ६ सय १२ जना महिला गरी जम्मा २८ हजार ९ सय ९१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ३.४५ प्रतिशत हुन आँउछ । समीक्षा वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या गत आ.व.२०८०/८१ को तुलनामा २०.६७ प्रतिशतले बढेको देखिन्छ ।[२]

### (ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत वेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ। सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम प्रदेशको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ। प्रादेशिक तुलनामा प्रति जनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को फागुनमसान्तसम्म यस प्रदेशका स्थानीय तहहरु मध्ये ७७ स्थानीय तहहरुले प्रधानमन्त्री रोजगार कार्यक्रमको संघिय प्रणालीमा १ हजार ३४ आयोजना प्रविष्टि गरेका थिए । छनौटमा परेका आयोजनाहरुमा प्रदेशका ४४५ जना रोजगारीमा संलग्न भई श्रम बापत भुक्तानी प्राप्त गरेका थिए । कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ६८ रहेको छ ।

आर्थिक वर्ष २०८१ को चैत्रमसान्तसम्म सुदूरपश्चिम प्रदेश स्वरोजगार उन्मुख व्यावसायिक र सिपमुलक तालिमबाट २७ जना महिला र ९६ जना पुरुष गरी जम्मा ११३ जना लाभान्वित भएका छन् ।

**तालिका ६.३ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था**

| | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको संख्या | जम्मा रोजगारी दिन | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ८८ | ७७ | १०३४ | ४४५ | ३०२१५ | ६८ |

*स्रोत: आर्थिक सर्भेक्षण २०८१/८२ आर्थिक मामिला मन्त्रालय, सुदुरपश्चिम प्रदेश ।*

## ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु:

१. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थापनलाई आधुनिकीकरण गर्दै समानुपातिक तथा समावेशी रुपमा विकास निर्माणका कार्य अगाडी बढाउनु ।
२. प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।
३. विद्युत उत्पादन क्षमतामा देशकै बढी क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गर्न आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रताका साथ सम्पन्न गर्नु ।

---

[२] *वैदेशिक रोजगार विभाग, वार्षिक श्रम स्वीकृति विवरण, आ.व.२०८१/८२ ।*

४. भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि हुनु ।
५. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा तीनै तह तथा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्नु ।
६. यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै दक्ष जनशक्ति तथा कामदारहरुको विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
७. यस प्रदेशका अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी रोजगारी वृद्धि गर्नु ।

**सम्भावनाहरु:**

१. राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
२. निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसियन, प्लम्बर, पेन्टर, कार्पेन्टर आदि लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गर्न आवश्यक सिप विकास तथा तालिम कार्यक्रम सञ्चालन गर्न सकेमा बजारमा स्वदेशी दक्ष जनशक्तिको आपूर्ति गर्न सक्ने सम्भावना रहेको ।
३. वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुले सिकेको सिप तथा प्राप्त पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गराउन आवश्यक सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्न सकेमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी आर्थिक गतिविधि बढाउने तथा युवाहरुको विदेशिने प्रवृत्ति कम गर्न सकिने ।
४. कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै कृषि पेशालाई सम्मानित, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न आवश्यक स्रोत साधनको सहज व्यवस्थापन, तालिम तथा सिप विकास गरी थप रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै, कृषि उत्पादन बढाई आत्मनिर्भर बनाउन सकिने ।
५. यस प्रदेशभित्र रहेका धार्मिक स्थलहरुको पहिचान, विकास तथा प्रर्वद्धन गरी धार्मिक पर्यटनको विकास गर्न सकेमा पर्यटक गाईड, होटल रेस्टुँरा सञ्चालन तथा अन्य व्यापार व्यवसायको रुपमा रोजगारी सिर्जना गर्न सकिने ।
६. प्रदेश सरकार वा नेपाल सरकारबाट नविन सोच भएका नयाँ उद्यमी र लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गर्ने तथा लगानी प्रवर्द्धन गर्ने एकाईको स्थापना गर्न सके उद्यमशीलताको विकास भई युवा स्वरोजगार हुने सम्भावना रहेको ।
७. सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गर्न प्रदेश तथा नेपाल सरकारबाट लगानीको वातावरण सिर्जना गर्न वैदेशिक तथा निजी क्षेत्रका लगानीकर्तालाई सहुलियत, अनुदान तथा प्रक्रियागत सहजीकरण गर्दै नीतिगत स्थायित्व कायम गर्न सकेमा विद्युत उत्पादन बढ्ने तथा स्वदेशमै रोजगारीका अवसर सिर्जना हुने ।

# परिच्छेद ७: आर्थिक परिदृष्य

## ७.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा व्यवसायिकरण, यान्त्रिकरण र आधुनिकीकरण बढेको, मलको समयमै उपलब्धता, सिंचाईको सुविधा विस्तार, वर्णशंकर जातको बीउ प्रयोगमा वृद्धि, मकै विशेष कार्यक्रम सञ्चालन, साना सिंचाई योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता, यस प्रदेशमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम सञ्चालन आदि कारणले समग्रमा कृषि उत्पादन अनुमानित ५ देखि ७ प्रतिशतले वृद्धि हुने देखिन्छ । यस प्रदेशमा प्रदेश सरकारद्वारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाखा पकेट क्षेत्रमा वृद्धि, पशुपालन क्षेत्रमा बीमा योजना, व्यावसायिक कुखुरापालन तथा माछापालन विस्तारले मासु, अण्डा, माछा र ऊनको उत्पादन समग्रमा अनुमानित ४ देखि ६ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ७.२ औद्योगिक क्षेत्र

बैंक व्याजदर न्युन स्तरमा रहेको, मौद्रिक नीति मार्फत उद्योग व्यवसायलाई प्रवद्धन गर्न कम व्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था गरेको, नेपाल सरकारले पछिल्लो पटक अनुत्पादक क्षेत्रमा खर्च कटौती तथा मितव्ययिता कायम गर्ने निर्णय गरेको, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नीतिका कारण थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको भएतापनि पछिल्लो पटक देशमा भएका जेनजी आन्दोलनका कारण केही मात्रामा औद्योगिक उत्पादन घट्ने अनुमान गर्न सकिन्छ ।

## ७.३ सेवा क्षेत्र

शिथिल विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएतापनि विश्व अर्थतन्त्रमा क्रमिक सुधार आई स्वदेशमा पनि ब्याज दर न्युन स्तरमा रहेको, आर्थिक गतिविधिमा पनि सुधार हुने देखिएको, वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि हुने, डिजिटल प्रविधिको बढ्दो प्रयोग, मौद्रिक नीति मार्फत हुलाकी राजमार्ग आसपासका क्षेत्रका होटल तथा रेष्टुरेन्टको लागि आधार दरमा बढीमा २ प्रतिशत व्याजदरमा कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरेको, नेपाल सरकारले पछिल्लो पटक अनुत्पादक क्षेत्रमा खर्च कटौती तथा मितव्ययिता कायम गर्ने निर्णय गरेकोले यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने सम्भावना रहेकोले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ । त्यसैगरी, मौद्रिक नीीति मार्फत निजी आवासीय घर निर्माण/खरिद गर्ने कर्जाको सीमा वृद्धी गरेको, पहिलो घर निर्माण/खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि मूल्य अनुपात ८० प्रतिशतसम्म कायम हुने व्यवस्था गरेकाले आगामी दिनमा घरजग्गा कारोबार समेत सकारात्मक रुपमा बढ्ने अनुमान गरिएको छ । तथापी, देशमा भएका जेनजीहरुको आन्दोलन लगायतका घटनाहरुले स्वदेशी तथा विदेशी पर्यटक आगमनमा कमी आई समग्र होटल तथा रेष्टुरेन्ट क्षेत्रमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नत्ति भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेका, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माण, सञ्चालन र १३२ के.भी प्रसारण लाईनमा जोडिने क्रममा रहेको, देशमा पछिल्लो पटक भएको जेनजी आन्दोलनबाट निजी तथा सार्वजनिक भौतिक संरचनाहरुमा भएको ठुलो क्षतिले पूर्वाधार क्षेत्रमा नकारात्मक असर परेको छ । क्षति भएका संरचनाहरुको पुनर्निर्माणका लागि सरकारले भौतिक पुर्वाधार पुनर्निर्माण कोष स्थापना गरेको सर्न्दभले स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।